नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ४२ २०७७ साल भदौं २२ गते सोमबार (7 Sep. 2020 Monday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : कस्ता मास्क कसरी ... ३ पृष्ठमा : कक्षा ११ र १२ मा ... ३ पृष्ठमा : भारतमा कोरोनाबाट एकै दिनमा ...

# सप्तरी कारागार कोरोना संक्रमणको उच्च जोखिममा




**दैनिक समाचारदाता**
**राजविराज, २१ भदौं ।**

क्षमता भन्दा तेब्बर कैदीबन्दी रहेको राजविराजस्थित सप्तरी कारागारमा अहिले कोरोना संक्रमणको उच्च जोखिम बढेको छ ।

पछिल्लो पटक आधा दर्जन कैदीबन्दीमा कोरोना संक्रमण देखिएपछि कारागार भित्र रहेका अन्य कैदीबन्दीमा पनि जोखिम बढेको हो ।१ सय २५ जना क्षमता रहेको सो कारागारमा हाल १५ महिलासहित ३ सय ३३ जना कैदीबन्दी राखिएका छन् ।

तीन दिनअघि संक्रमित भएका ६ जना कैदीबन्दीलाई राख्न ठाउँ अभाव भएपछि अहिले कारागार सुरक्षार्थ खटिएका सुरक्षाकर्मी बस्ने एउटा कोठा गराई संक्रमितको व्यवस्थापन गरिएको छ ।

अहिले सुरक्षाकर्मी बस्ने एउटा कोठा खाली गराई कामचलाउ आइसोलेशन बनाएर संक्रमितलाई व्यवस्थापन गरिएको जेलर संजय कुमार रामले बताए । उनले सुरक्षाको दृष्टिकोणले कारागार भित्रै पिसिआर परिक्षणका लागि जिल्ला स्वास्थ्य कार्यालय तथा गजेन्द्र नारायण सिंह अस्पताललाई लिखित तथा मौखिक आग्रह गरिरहेको जानकारी पनि दिए ।

संक्रमित कैदीबन्दीसँगै बस्दै आएका अन्य कैदीबन्दीका लागि कारागार भित्रै खाली रहेको चौरमा पाल टाँगेर अस्थायी क्वारेन्टाइन बनाउन लागेको उनले जानकारी पनि दिए ।

यता जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले सोमबारदेखी क्रमिक रुपमा कारागार भित्र पिसिआर परिक्षण गर्ने तयारी गरिएको जानकारी दिएका छन् ।

# न्यायाधिश, कर्मचारी र प्रहरी समेतमा कोरोना संक्रमण

**दैनिक समाचारदाता**
**राजविराज, २१ भदौं ।**

सप्तरीमा आइतबार न्यायाधिश, कर्मचारी र प्रहरीसमेतमा कोरोना संक्रमणको पुष्टि भएको छ ।

योसँगै जिल्लामा संक्रमितको संख्या ९ सय १६ पुगेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।




अघिल्लो दिन २८ जना संक्रमित फेला परेको जिल्लामा आइतबार सप्तरी जिल्ला अदालतका एक न्यायाधिश, दुई कर्मचारी तथा एक जना सुरक्षाकर्मी गरि चार जनामा

*बाँकी अन्तिम पृष्ठमा*




**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रव्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit | prabhu Money Transfer | CITY EXPRESS | IME International Money Express | IME pay | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

## सम्पादकीय

# कारागार भित्रको संरचनाप्रति ध्यान पुगोस

सप्तरी कारागारमा रहेका कैदीबन्दीहरु कोरोना संक्रमित भएका छन् । नेपालकै पुरानो कारागार मध्ये एक सप्तरी कारागारमा कोरोना संक्रमितहरु देखिनुले अन्य कैदीबन्दीहरुमा समेत डरत्रास बढेको छ । एक सय २५ कैदीबन्दी रहने क्षमता भएको यस कारागारमा अहिले तेब्बर कैदीबन्दीहरु रहेका छन् । भवन जिर्ण अवस्थामा तथा व्यवस्थित कोठा समेत नरहेको यस कारागारमा कैदीबन्दीहरुका लागि न्यूनतम मापदण्डको बसाई समेतको व्यवस्था छैन् ।

वर्षौदेखी जिर्ण रहेको यस कारागारको स्तरोन्ती तथा मर्मत गर्ने सम्बन्धमा सरकारको ध्यान पुग्न सकेको छैन् । केन्द्रिय सरकारको मातहतमा रहेको कारागारको आफ्नै विशेषता रहेको छ । यस कारागारमा विगतमा विभिन्न घटनाक्रम भएको बेलामा नेपालका ठूलठूला नेताहरु समेतले कैदी जिवन बिताइसकेका छन् । निर्माण भएको बेलादेखीको नै कारागारको भौतिक संरचनाले अहिलेसम्म थामिरहेको छ ।

पटक पटक कारागार जिर्ण रहेको कुरा विभिन्न संचारमाध्यम मार्फत उठाइहँदा पनि यसको कुनै सुनुवाई भएको छैन् । तसर्थ साँगुरो कोठा र कोचाकोच गरि राखिएको कैदीबन्दीहरुलाई कोरोना माहामारीको समयमा भयमुक्त बनाउन सम्बन्धी निकायले भौतिक संरचनाको मर्मत तथा व्यवस्थित कोठाहरु निर्माण गर्नु पर्ने आवश्यक देखिन्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कस्ता मास्क कसरी लगाउने ?

काठमाडौं, २१ भदौ (रासस) ।

"कार्टुन लगायतका उनीहरुलाई रमाइलो लाग्ने चित्रहरू मास्कमा राख्दा त्यो मन पराएर साना बालबालिकाले मास्क लगाउन सक्छन्" जनस्वास्थ्य विशेषज्ञ डा.रबिन्द्र पाण्डेले भन्नुभयो, "किशोरकिशोरीका फेन्सी खालको छुट्टै डिजाइनको मास्क रुचिकर हुनसक्छ ।"

विश्वव्यापी रूपमा फैलिइरहेको कोभिड-१९ को सङ्क्रमण नियन्त्रणका लागि मास्कको प्रयोग बढाउन व्यक्तिको उमेर, पेशा र रुचिअनुसारको मास्कको उत्पादनले सहयोग गर्ने डा. पाण्डेले बताउनुभयो । खेलप्रेमीका लागि खेलाडीको फोटो भएको त अरुका लागि सगरमाथा वा नेपालका सम्पदाको फोटो राखेको मास्क हुँदा उनीहरू खुशी हुनेछन् । ज्येष्ठ नागरिकलाई भगवानको फोटो हुँदा रुचिकर हुनसक्ने उहाँको तर्क छ ।

जनस्वास्थ्य विशेषज्ञ डा.रबिन्द्र पाडेका अनुसार सबैलाई रुचिअनुसार मास्क बजारमा उपलब्ध हुँदा यसको प्रयोग बढ्छ । कोभिड-१९ को सङ्क्रमण देशभरि बढीरहँदा मास्कको प्रयोगलाई सङ्क्रमण रोक्ने सबैभन्दा बलियो अस्त्रका रूपमा हेरिएको छ । बजारमा अहिले पनि सबै उमेरका लागि फरक आकारका मास्क नभएको उहाँको भनाई छ । जुत्ता, कपडा जस्तै यो पनि फरक फरक आकार र किसिमका हुनुपर्छ । उहाँले भन्नुभयो, "युवामा नै अलि दुब्लो मान्छेलाई समेत मिल्ने खालको मास्क पाइँदैन ।"

एन ९५ वा के ९५, सर्जिकल र कपडाको मास्क गरी अहिले बजारमा तीन किसिमका मास्क पाइन्छ । तीमध्ये एन ९५ मास्क भल्भ भएको र नभएको पनि बजारमा उपलब्ध हुने गरेको छ । सर्जिकल मास्कभन्दा कपडाको बढी प्रभावकारी हुन्छ । एन ९५ वा के ९५ अस्पतालको लागि डिजाइन गरिएको मास्क हो ।

अरु मास्कको तुलनामा महङ्गो पर्ने भएकाले आमनागरिकले एन ९५ लगाउन जरुरी नभएको डा. पाण्डेको भनाइ छ । यो धोएपछि कसिलो नहुने भएकाले धेरै धुन मिल्दैन । त्यस्तै, भल्भ भएको मास्क सास फेर्न र कुरा गर्न सजिलो भएपनि सङ्क्रमितले यो लगाउँदा अरुलाई सर्न सक्ने सम्भावना छ । उहाँले भन्नुभयो, "यस्तो मास्कको प्रयोग आमनागरिकले नगरेकै राम्रो हो ।"

कोभिड-१९ सङ्क्रमण भित्रिएसँगै विश्वमा नै मास्कको प्रयोग बढीरहेको देखिन्छ । शुरुमा विश्व स्वास्थ्य संगठनले स्वस्थ व्यक्तिले लगाउनु पर्दैन र मास्क लगाउने भनेको सङ्क्रमितले हो भन्ने धारणा बनाएको थियो । कोरोना भाइरसको आकार सानो भएकाले प्वालबाट छिर्छ भन्ने धेरैको बुझाई थियो । बिस्तारै, एक व्यक्तिबाट अर्को व्यक्तिमा भाइरस मात्रै जादैन बोल्दा, खोक्दा, वा हाछ्युँ गर्दा त्यो कणसँगै जान्छ भन्ने अध्ययनले देखायो । त्यो कण आँखाले नदेखेपनि ठूलो आकारको हुन्छ । त्यो मास्कबाट छिर्दैन । त्यसले सङ्क्रमित भए वा नभएपनि मास्क लगाउनुपर्छ भन्ने धारणा आएको पाइन्छ ।

तीन किसिमका मास्कसँगै बजारमा रुमाल वा पछ्यौरा, सल, गलबन्दी प्रयोग पनि बढीरहेको देखिन्छ । पछिल्लो अनुसन्धानले एक दुई पचास, सय भाइरस प्रवेश गर्दैमा सङ्क्रमण हुँदैन र सङ्क्रमण हुन एकदेखि तीन हजार भाइरस आवश्यक पर्छ भन्ने देखाएको छ । त्यसैले पनि मास्क वा अरु कपडाको प्रयोग गरी नाक, मुख छोप्दा भाइरसको लोड कम हुने डा. पाण्डेको धारणा छ ।

आमनागरिकले दैनिक घरबाहिर निस्कँदा कपडाकै मास्क प्रयोग गर्नसक्ने उहाँको सुझाव छ । कटन वा मलमल कपडाको दुई तीन पत्र बनाएर सिलाएको मास्कले सङ्क्रमणबाट बच्न सघाउँछ । कतिपयले एकभन्दा बढी मास्क लगाएको पाइन्छ । सुरक्षाका हिसाबले एक तहको मास्क एकभन्दा बढी लगाउनु राम्रो भएपनि यसबाट सास फेर्न गाह्रो हुन्छ । बजारमा पाइने धेरै मास्कमा नाकको माथिल्लो भागमा च्याप्ने नभएको पाइएको छ । ती मास्कमा आफैँले पनि च्याप्ने कुरा हाल्न सकिने उहाँको धारणा छ । उहाँले भन्नुभयो, "नाक माथि च्यापेर गालाबाट हावा पस्न रोक्न सकिन्छ ।"

चिकित्सकले लामो समयसम्म लगाउनुपर्ने हुँदा दैनिक परिवर्तन गरिराखे पनि आमनागरिकले एन ९५ वा के ९५ मास्क केही दिनसम्म प्रयोग गर्न सक्छन् । यो मास्क वा कपडाको मास्क घर बाहिरबाट आएपछि घाममा सुकाउने र भोलिपल्ट लगाउने गरी प्रयोग गर्न सकिन्छ । सर्जिकल मास्क धोएर प्रयोग गर्न मिल्दैन भने अरु घाम वा हावामा झुण्डाएर तीनचार दिन प्रयोग गर्न सकिन्छ । मास्क धुँदा पनि सफा पानीमा भिजाएर हल्का मालिस गरे जसरी सफा गर्ने उहाँको सुझाव छ । उहाँले भन्नुभयो, " मास्कलाई पानीमा छोपलेर फिक्ने गर्दा त्यसबाट रेसा निस्कँदैन ।"

कस्तो मास्क लगाउने भन्नेसँगै कसरी मास्क लगाउने भन्ने कुराले पनि सङ्क्रमण रोक्न सकिन्छ । मास्क लगाउँदा कसिलो हुनुपर्छ र हावा छिर्ने हुनुहुँदैन । पातलो मान्छे वा अनुहार सानो अनुहार लगाउँदा आँखा मुनिको भागबाट हावा छिर्ने सम्भावना हुने भएकाले ध्यसमा ध्यान दिनुपर्ने उहाँको सुझाव छ ।

-कोभड-१९ को रोकथामका लागि मास्क प्रयोगले सहयोग पुग्ने विभिन्न देशको प्रयोगको दरले देखिएको छ । चीन, जापान, कोरिया, कम्बोडिया, भुटान, सिङ्गापुरलगातका ९० प्रतिशत बढी जनसङ्ख्याले मास्क प्रयोग गर्ने देशमा कोभिड चाँडो नियन्त्रणमा आएको पाइएको छ । यी देशका नागरिकमा पहिलेदेखि नै विभिन्न भाइरसबाट बच्न मास्क लगाउने बानी थियो । अमेरिका, संयुक्त अधिराज्य र युरोपका देशहरूमा धेरैले मास्क लगाउनु सजाय ठान्छन् । अध्ययनहरूले सङ्क्रमण उच्च गतिमा फैलिरहँदा पनि यहाँका २५ प्रतिशतभन्दा कमले मास्क लगाएको पाइएको थियो । यीनै देशहरूमा पनि मास्कको प्रयोग भएका राज्यमा सङ्क्रमण चाँडो नियन्त्रणमा आएको पाइएको डा. पाण्डेले जानकारी दिनुभयो ।

मास्कको प्रयोग, साबुनपानीले हात धुने वा सेनेटाइजरको प्रयोग गर्ने बानी बसाल्न सरकारले पनि नागरिकलाई अनुरोध गर्दै आएको छ । यीमध्ये पनि मास्कको प्रयोग नै सबैभन्दा प्रभावकारी रहेको अध्ययनले देखाएको छ । उहाँले भन्नुभयो, "समूहमा बस्दा पनि सबैले मास्क लगाउँदा सङ्क्रमणको जोखिम दुई तिहाइ घट्छ ।"

कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि मास्कको प्रयोग बढाउनैपर्छ । सरकारले कडा नियम बनाएर मास्कको प्रयोग बढाउन सक्ने डा. पाण्डेको तर्क छ । अहिले प्रशासनले मास्कको प्रयोग नगर्ने व्यक्तिलाई रु एक सय जरिवाना गर्दै आएकामा यसलाई बढाउनुपर्ने उहाँको सुझाव छ । मास्क नलगाएकालाई कुनै पनि सेवा नदिइने नीति अवलम्बन गर्न खाँचो छ । उहाँले भन्नुभयो, "बस चढ्न, कार्यालय प्रवेश, होटल प्रवेश, पसलेले सामान नदिने गरी नियम बनाउनुपर्छ ।"

मास्कको सही प्रयोग पनि यसको नियन्त्रणका लागि महत्वपूर्ण मानिन्छ । अचेल धेरैले अरुसँग कुराकानी गर्दा चिउँडोमा मास्क लगाएको देखिन्छ । सबैभन्दा बढी सङ्क्रमण नाकबाट फैलने हुँदा जुनसुकै समयमा नाक राम्ररी छोपिने खालको हुनुपर्छ । नाक छोपेपछि मुख पनि छोपिन्छ । उहाँले भन्नुभयो, "चिउँडो वा घाँटीमा मास्क राख्दा पछि नाकमा मास्क लगाउँदा सङ्क्रमण सर्नसक्छ ।"

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा. सागर राजभण्डारी अझै पनि कतिपयले मास्कको प्रयोगका विषयमा सचेत नभएको बताउनुभयो । कतिपयले भने जानकारी भएपनि हेलचेक्राई गरेको उहाँको भनाइ छ । घर बाहिर निस्कनुपर्दा अनिवार्य रूपमा नाक र मुख ढाकिने गरी मास्क लगाउनुपर्ने उहाँको सुझाव छ । उहाँले भन्नुभयो, "मबाहेक अरु सबै सङ्क्रमित हो भन्ने सोचेर दूरी राख्ने र मास्कको प्रयोग गर्नुपर्छ ।"

**मास्क कहाँ लगाउने ?**

सामान्यरूपमा, मास्कको प्रयोग घरभित्र आफ्नो परिवार बस्दा लगाउनु पर्दैन । घरभित्र पनि जोखिम बर्ग ज्येष्ठ नागरिक वा दीर्घरोगी भएमा भने मास्क लगाउने र दूरी कायम गर्दा राम्रो हुने डा. पाण्डेको सुझाव छ । कतिपय व्यक्तिमा सङ्क्रमणको चिन्ताले घरभित्र वा बाहिर एक्लै हुँदा पनि मास्कको प्रयोग गरेको पाइन्छ । मान्छेबाट नै सङ्क्रमण सर्ने बढी सम्भावना भएकाले घर बाहिर पनि मान्छे नभएका ठाउँमा मास्क लगाउनु अनिवार्य हुँदैनम्भ्री । उहाँले भन्नुभयो, "बाहिर निस्कँदा पनि मास्क बोकेर हिँड्नुपर्छ र कोही आएको देख्नासाथ लगाउनुपर्छ ।"

देशभरमा कोरोना सङ्क्रमण बढिरहे पनि धेरैमा अहिले पनि यो त मेरो आफन्त वा सहकर्मी हो यसबाट कसरी सर्ला भन्ने रूपमा लिएको पाइन्छ । बाटोमा वा कार्यालयमा मास्क लगाउनुपर्छ । आफन्त, सहकर्मी जो कोही भएपनि सङ्क्रमित हुनसक्छ भन्ने सोच्नुपर्ने उहाँको सुझाव छ ।

**मास्क प्रयोगका अरु पनि छन् फाइदा**

कोभिड-१९ विश्वव्यापी भएसँगै प्रयोग बढेको मास्कको अरु फाइदा पनि छ । यसको प्रयोगले धुलो, धुँवा प्रदुषणबाट बचाउँछ । हावामा भएका अरु ब्याक्टेरिया भाइरस र धेरै रोगबाट बचाउन सघाउँछ । मास्कको प्रयोगले क्षयरोग, फ्लु, रुघाखोकी, स्वायन फ्लु, बर्ड फ्लुबाट बचाउँछ । हात नियमित धुँदा यो वर्ष वर्षामा देखिने गरेको टाइफोइड, झाडाबान्ता, हैजा फैलिएको छैन ।

तर यसका फाइदाहरू धेरै नै भए पनि मास्क लामो समय लगाउँदा श्वासप्रश्वासमा केही बाधा भने पुग्ने देखिएको छ । हामीले सास फेर्दा अक्सिजन लिएर कार्बनडाइअक्साइड फाल्ने सजिलो प्रक्रियामा केही बाधा यसले पुऱ्याउँछ । कतिपय देशमा मास्क फ्रि समय वा मास्क फ्रि जोन राखिएको हुन्छ । हामीले पनि कार्यालय एक्लै हुँदा वा छतमा जाँदा मास्क खोलेर बस्न सकिन्छ । एक्लै हुँदा मास्क नलगाएकै राम्रो हो ।

**बन्दाबन्दीमा २८ हजार जनालाई कारबाही**

सरकारले मास्कको प्रयोग अनिवार्य गरेको छ । नेपाल प्रहरीले सङ्क्रामक रोग नियन्त्रण ऐनका आधारमा काठमाडौं उपत्यकामा अहिलेसम्म २८ हजार ३०६ जनालाई कारवाही गरेको महानगरीय प्रहरी कार्यालका प्रवक्ता सुशिलकुमार यादबले बताउनुभयो । उपत्यकामा मास्कको प्रयोग क्रमिक रूपमा बढिरहेको छ । उहाँले भन्नुभयो, "हामीले कारवाही बढाएकाले पनि यसको प्रयोग बढी मात्रामा भइरहेको हो भन्ने हामीले बुझेका छौं ।"

# जारी छ पूर्वपशिचम रेलमार्गको काम

सर्लाही, २१ भदौ (रासस) ।

लकडाउन तथा निषेधाज्ञाका समयमा बर्दिबास-सिमरा विद्युतीय रेलमार्गको कामले निरन्तरता पाएको छ । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको पूर्वपशिचम रेलमार्गको बर्दिबासबाट रौतहटको गुजरासम्मको कामलाई १७ खण्डमा विभाजन गरिएको छ । यस खण्डमा १५ साना तथा ठूला पुल निर्माण भइरहेको छ । बर्दिबासबाट सिमरासम्मको १०८ किलोमिटरमध्ये बर्दिबासबाट रौतहटको गुजरा नगरपालिकासम्मको ७० किलोमिटरमा बोलपत्र भई करिब ५० प्रतिशत काम सम्पन्न भएको रेल इन्जिनीयर सुरेश साहले जानकारी दिनुभयो ।

उहाँका अनुसार सो खण्डमा विभाजन गरिएको मार्गका बीचबीचमा पानी बग्न र जनावरलाई आवतजावत गर्नका लागि करिब १५० भन्दा धेरै कल्भर्ट निर्माण भइरहेको छ । रेलमार्गका काममा लालबन्दी नगरपालिकाले

बाँकी तीन पृष्ठमा

# कक्षा ११ र १२ मा 'सामाजिक अध्ययन' अनिवार्य पछिको तरङ्ग

काठमाडौँ, २१ भदौ (रासस) ।

कक्षा ११ र १२ मा सामाजिक अध्ययनलाई अनिवार्य विषयमा समावेश भएपछि विषयगत शिक्षकहरू उत्साहित भएका छन् भने निजी शिक्षालयहरू असन्तुष्ट देखिएका छन् ।

सरकारले नेपालको संविधान, सङ्घीयता र समृद्ध नेपालको परिकल्पना अनुकूल 'विद्यालय शिक्षाको नयाँ पाठ्यक्रम प्रारुप, २०७६' स्वीकृत गरी नयाँ पाठ्क्रम कार्यान्वयन शुरु गरेको छ । उक्त प्रारुपले समाजवादोन्मुख सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका लागि सक्षम नागरिक विकासको दूरदृष्टिसहित पाठ्यघण्टा (क्रेडिट आवर) सहितको संरचना र व्यावसायिक शिक्षाको धारलाई प्राथमिकता दिएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीको अध्यक्षतामा रहेको राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्न परिषद्को गत माघ २ गतेको बैठकले सो प्रारुप पारित गरी यस सत्रदेखि क्रमशः नयाँ पाठ्यक्रम लागू गर्ने निर्णय गरेको थियो । नयाँ प्रारुपले संविधानको मौलिक हक, सङ्घीय, प्रदेश र स्थानीय तहको संरचना, आर्थिक सामाजिक रुपान्तरणका सवाल, विद्यालय क्षेत्र विकास कार्यक्रम, मुलुकको दीर्घकालीन विकासमा शिक्षाको योगदानका पक्षमा ध्यान दिई सक्षमता र बाल मनोवैज्ञानिक लगायतका सिद्धान्तलाई आधार बनाएको छ । यी आधारसँग सम्बन्धित विषयवस्तु सामाजिक अध्ययनमा आउनेछ । एकल पठीय नयाँ पाठ्यक्रममा विद्यार्थीलाई रोजगारीका लागि तयारी गराउँदै गुणस्तरीय शिक्षाको आधारबमोजिम विद्यार्थीमा क्षमता अभिवृद्धि, सीप र ज्ञानको विकास, मूल्य स्थापना र सक्षम बनाउने लक्ष्य राखिएको छ ।

पाठ्यक्रम विकास केन्द्रका निर्देशक गणेशप्रसाद भट्टराईले कक्षा ११ मा यसै वर्षदेखि नयाँ पाठ्यक्रम लागू हुने जनाउँदै कक्षा १२ सम्म माध्यमिक विद्यालयको संरचना भएकाले अब पूर्ण पाठ्यक्रममा आधारित पाठ्यपुस्तक लागू हुने बताउनुभयो । कक्षा ११ मा यसै शैक्षिकसत्रदेखि सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षा अनिवार्य विषयका रूपमा लागू हुने भएपछि विषयगत शिक्षकहरू सामाजिक अध्ययन समाज नै गठन गरी पाठ्यक्रमको विषयवस्तु र ध्येयहरूबारे अभिमुखीकरणमा होमिएका छन् । केन्द्रको विषयगत कार्यदलका सदस्य एवं विजय स्मारक माविका प्रधानाध्यापक डिल्ली शर्माको नेतृत्वमा गठित सामाजिक अध्ययन समाजले प्रदेश र जिल्लागत आधारमा विषयगत प्रशिक्षणका साथै कक्षा १९ र १० परिमार्जित हुन लागेको सामाजिक विषयवस्तुका बारेमा सुझाव सङ्कलन गरिरहेको छ । संयोजक शर्माका अनुसार समाजले आइतबार प्रदेश नं १ को मोरङका गरी एक सय विषय शिक्षकसँग परामर्श गरिएको जानकारी दिनुभयो ।

संयोजक शर्माले समालोचनात्मक सीपको विकाससहित असल नागरिक निर्माण गर्ने सामाजिक अध्ययन विषयको ध्येय भएकाले विद्यालय तहमा नागरिक चेतना, कर्तव्य र अधिकार, आर्थिक स्रोत साधन, जनसङ्ख्या र यसमा प्रभावित तत्वहरू, राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेश, सूचना तथा प्रविधिको सदुपयोग आदि विषयबारे अब पढाइने बताउनुभयो । उहाँले भन्नुभयो, "जीवनमा सेवालाई भन्दा पैसालाई बढी महत्व दिने खालको नभई सामाजिक कर्तव्य र दायित्वलाई निर्वाह गर्न सक्ने शिक्षक जन्माउनु यस विषयको लक्ष्य हो । मानवलाई मानवता भरिदिने काम यो विषयले गर्नेछ ।"

सामाजिक अध्ययन विषयका अध्येता गोविन्द भण्डारीले पाठ्यभारको बोध धेरै नदिई प्रयोगात्मक पक्षलाई पनि स्थान दिन तथा राजनीतिमा जित्नेहरूको इतिहास मात्रै इतिहास नराखी अर्थ सामाजिक जनजीवनका इतिहास समेट्न सुझाव आएको जानकारी दिनुभयो ।

पाठ्यपुस्तक लेखक माधव दाहालले सामाजिक परिवेश र परिस्थितिलाई सामाजिक अध्ययनले समेट्ने भएकाले नयाँ पाठ्यक्रम समयसापेक्ष भएकाले शिक्षकहरूले यसलाई स्थानीय उदाहरणसहित रुचिका साथ अध्यापन गर्नुपर्ने बताउनुभयो ।

हाल मुलुकभर कक्षा ११ १२ पढाइ हुने सामुदायिक र निजी गरी १० हजार ८९९ विद्यालय छन् । विद्यालय शिक्षाको नयाँ संरचनाअनुसार कक्षा १ देखि १२ सम्मलाई माध्यमित तह मानिने भएपछि कक्षा ११ र १२ मात्रै सञ्चालन गरिरहेका निजी क्षेत्रका साबिकका 'उच्चमाध्यमिक' विद्यालयले अहिलेको अवस्थामा हतारोमा नयाँ पाठ्यक्रम लागू नगर्न दबाब दिँदै आएका छन् । निजी विद्यालय सामाजिक अध्ययनको विषयगत शिक्षक अभाव रहेको र उक्त तहमा पढाउन स्नातकोत्तर पूरा गरेका शिक्षक चाहिने भएकाले उनीहरूलाई समस्या उत्पन्न भएको हो ।

उच्चशिक्षालय तथा विद्यालय सङ्घ (हिसान) का सचिव रामहरि सिलवालले नयाँ संविधानबमोजिम नयाँ पाठ्यक्रम लागू गर्नुपर्नेमा विवाद नभए पनि हाल कोरोना महामारीका कारण पाठ्यक्रम सङ्कुचन गराउन सरकार नै लागि परेको स्थितिमा पर्याप्त गृहकार्य नगरी कक्षा ११ मा यसै सत्रबाट नयाँ पाठ्यक्रम लागू नगर्न आफूहरूले आग्रह गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामी नयाँ पाठ्यक्रमका विरोधी होइनौँ तर सरकारले ढिलो गरेर कुरा बुझ्छ । कोरोना महामारीको छ महिनापछि वैकल्पिक प्रणालीको सिकाइलाई मान्यता दिएको छ । नयाँ पाठ्यक्रमबारे हामीसँग विषयवस्तुमा पर्याप्त छलफल भएको छैन । यसका केही जटिलताहरू कायमै छन् । यसमा सरकारले वास्तविकता बुझेर निर्णय गर्ने अपेक्षा लिएका छौँ ।"

*जारी छ ...*

समन्वयात्मक भूमिका निर्वाह गरिरहेको नगर प्रमुख मानबहादुर खड्काले जानकारी दिनुभयो । उहाँले सबैभन्दा धेरै सार्वजनिक तथा ऐलानी जग्गामा र घर तथा बस्ती परेका स्थानमा समस्या परेका कारण समाधानमा धेरै समय लागेको बताउनुभयो । बर्दिबासमा मुआब्जाको र जङ्गलको रुख कटानको विवादले गर्दा काम शुरु हुन नसकेको बर्दिबास नगरपालिकाका प्रमुख विदुरकुमार कार्कीले जानकारी दिनुभयो ।

रेलमार्गको काम निरन्तर जारी रहेको गजुरमुखी निर्माण कम्पनीका प्रतिनिधि टीका गजुरेलले बताउनुभयो । रेलमार्गको कामलाई आफ्नो कम्पनीले धेरै महत्व दिएर गरिरहेको उहाँको भनाइ छ । सरकारले गत असार, साउन र यही भदौ तीन महिना नदी दोहन बन्द गरेका कारण माटो भर्ने काम रोकिएको भए पनि अरु काम निरन्तर भइरहेको कम्पनीले जनाएको छ । मुआब्जा विवादका कारण सङ्घर्ष समितिसमेत गठन गरेर काम गर्न अवरोध भएका कारण कतिपय स्थानमा काम शुरु हुननसकेको जनाइएको छ । सर्लाहीमा २० र रौतहटमा ७० प्रतिशत मुआब्जाको विवाद कायमै रहेको जनाइएको छ ।


## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**
**शाखा : सिंहदरबार परिसर**
**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**
**खाना नं.: १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## विश्व समाचार

### भारतमा कोरोनाबाट एकै दिनमा झण्डै ९१ हजार संक्रमित

नयाँ दिल्ली, २१ भदौ (रासस/एएनआई) ।

भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित भएकाहरुको दैनिक सङ्ख्या प्रतिदिन वृद्धि हुँदै गइरहेको छ । पछिल्लो २४ घण्टामा अहिलेसम्मकै सबैभन्दा धेरै ९० हजार ६३३ जना सङ्क्रमित भएको अधिकारीले जानकारी दिएका छन् । योसँगै भारतमा कोरोनाभाइरसबाट अहिलेसम्म कुल सङ्क्रमितहरुको सङ्ख्या ४१ लाखभन्दा बढी पुगेको देखिएको छ ।

संघीय (केन्द्रीय) स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार भारतमा कोरोनाकै कारण मृत्यु भएकाको सङ्ख्या अहिलेसम्म ७० लाख ६२६ पुगेको छ । कुल मृतकमध्ये एक हजार ६५ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको पनि मन्त्रालयले आइतबार जनाएको छ ।

भारतमा कोरोनाका कारण अहिलेसम्म ४१ लाख १३ हजार ८१२ जना सङ्क्रमित भएका छन् । ती मध्ये ३१ लाख ८० हजार ८६६ जना सङ्क्रमणमुक्त भइसकेका छन् । अधिकारीका अनुसार अरु आठ लाख ६२ हजार ३२० जना अझै पनि सङ्क्रमित अवस्था मै रहेका छन् । भारतमा अहिलेसम्म चार करोड ८८ लाख मानिसको कोरोना परीक्षण गरिएको भारतीय चिकित्सा अनुसन्धान परिषद्ले जानकारी दिएको छ ।

### कोरोनाविरुद्धको चिनियाँ खोप ५० हजार जनामा तेस्रो परीक्षण

बेइजिङ, २१ भदौ (रासस/एएनआई) ।

चीनमा बनाएईको कोरोनाभाइरस विरुद्धको खोप अहिले तेस्रो चरणमा परीक्षण भइरहेको छ । अधिकारीहरुले दिएको जानकारीअनुसार चिनियाँ उक्त खोप झण्डै ५० हजार मानिसमा परीक्षण भइरहेको हो । उक्त खोपलाई चीनको राष्ट्रिय बायोटेक समूह नामक कम्पनीले विकास गरेको हो ।

कम्पनीद्वारा एक विज्ञप्ति जारी गर्दै कोभिड-१९ विरूद्धको उक्त खोप बहराइन, युएइ, मोरोक्को, पेरु, अर्जेन्टिनालगायतका देशहरुमा परीक्षण भइरहेको जानकारी गराएको छ । चीनमा त्यस बाहेक अर्को खोप पनि विकास गरिएको छ । सो खोप सिनोभाक कम्पनीले विकास गरेको हो । यसको पनि तस्रो चरणको परीक्षण भइरहेको चिनियाँ स्वास्थ्य अधिकारीहरूले बताएका छन् ।

### अमेजनले अमेरिकामा विदेशी बीउको बिक्रीमा प्रतिबन्ध लगायो

सान फ्रान्सिस्को, २१ भदौ (रासस/एएफपी) ।

हजारौं अमेरिकीहरूले आफूले आदेश नगरेको बीउको प्याकेटहरू प्राप्त गरिको समाचार सार्वजनिक भएपछि 'अनलाइन' व्यापार गर्ने अमेरिकी कम्पनी 'अमेजन'ले संयुक्त राज्य अमेरिकामा आयात गरिएको बीउको बिक्रीमा प्रतिबन्ध लगाएको छ । अमेरिकामा खासगरी चीनलगायत विदेशबाट आएका बन्द पोकाहरूभित्र माग नभएका शङ्कास्पद विउका दाना भेटिएका विवरणपछि 'अमेजन' को यो निर्णय आएको बताइएको छ । "हामीले केवल अमेरिकी कम्पनीबाट उत्पादित बीउको बिक्रीलाई अनुमति दिइरहेका छौं," विशाल अनलाइन विक्री सेवा प्रदायक कम्पनीले शनिबार जारी एक विज्ञप्तिमा उल्लेख छ ।

गत जुलाईको अन्त्यतिर अमेरिकी कृषि विभागले विदेशबाट माग नगरिएका विउका पोकाहरू अमेरिकी कृषकहरूसम्म पुगेको जानकारी प्राप्त भएको र यस्ता वियले अमेरिकी कृषि षेत्रलाई खतरा उत्पन्न गर्ने भन्दै त्यस्ता विउ नलगाउन कृषकलाई निर्देशन गरेको थियो । शङ्कास्पद पोका (पाकेट) हरू खोलेर हेर्दा पुदीना, रायो, गुलाबलगायत विभिन्न १४ प्रजातीका साग तथा फूलको विउ भेटिएको विभागले दावी गरेको छ । कृषि विभागले १२ अगस्टमा जारी एक विज्ञप्तिमा भनिएको छ, "यस समयमा हामीसँग यो 'विउलाई विस्थापन गर्ने हौवा' बाहेक अरु केहि हो भन्ने कुनै प्रमाण छैन । कहिलेकाहीँ विक्रेताबाट केही यस्ता अनावश्यक चीजहरू प्राप्त हुन्छन् जसले बिक्रीलाई बढावा दिन गलत ग्राहक समीक्षा पठाइदिन्छन् ।

### चीनले विकास गऱ्यो पुनः प्रयोग योग्य अन्तरिक्ष यान

बेइजिङ, २१ भदौ (रासस-एपी) ।

चीनले विकास गरेको पुनः प्रयोग गर्न सकिने अन्तरिक्ष यान दुई दिनसम्म अन्तरिक्ष कक्षमा रहेर आइतबार सफलतापूर्वक पृथ्वीमा अवतरण गरेको छ । अन्तरिक्ष यात्रालाई सस्तो बनाउने सन्दर्भमा यो एउटा महत्वपूर्ण पाइला भएको चीन सरकारले घोषणा गरेको छ । उक्त यान गत शुक्रबार जिक्वान भूउपग्रह प्रक्षेपण केन्द्रबाट अन्तरिक्षमा पठाइएको थियो । तर गोप्य रूपमा विकास गरिएको यस अभियानका बारेमा विस्तृत विवरण भने सार्वजनिक गरिएको छैन ।

चीनको सरकारी समाचार संस्था सिन्ह्वाले एक अधिकारीको भनाइ उद्धृत गर्दै उक्त यान जिक्वान अन्तरिक्ष केन्द्रमा सफलतापूर्वक अवतरण गरेको जनाएको छ । तर यानको तस्वीर भने प्रकाशन गरिएको छैन, न त यानको आकार र प्रकारका बारेमा नै केही बताइएको छ । सिन्ह्वाले यस अभियानको सफलताले चीनको अन्तरिक्ष यात्रामा एउटा महत्वपूर्ण कोशेढुङ्गा हासिल भएको जनाएको छ ।

चीनले यसअघि सन् २००३ मा पहिलो पटक अन्तरिक्षमा एक व्यक्तिलाई पठाएको थियो । गत वर्ष चीनले चन्द्रमाको सबैभन्दा टाढाको स्थानमा रोभर रोबोट अवतरण गराएको थियो । अर्को यस्तै खोज रोबोट अहिले मङ्गलग्रहमा पठाइएको छ । संयुक्तराज्य अमेरिका र रसिया दुई मुलुकले मात्र हालसम्म पुनः प्रयोग योग्य अन्तरिक्ष यान निर्माण गर्ने सफलता प्राप्त गरेका छन् ।

# प्राकृतिक जीवन शैली बिताए कोरोना जस्ता भाइरसबाट बचिने

काठमाडौँ, २१ भदौ (रासस)।

बढ्दै गएको कृत्रिम जीवन शैली परित्याग गरी प्राकृतिकरूपमा बाँच्ने अभ्यास गरेमा कोरोना जस्ता भाइरसको सङ्क्रमणबाट बच्न सकिनेमा जोड दिइएको छ।

नेपाल ब्राह्मण समाजले जुम प्रविधिबाट शनिबार आयोजना गरेको 'कोरोना महामारी, जीवन शैली र स्वास्थ्य' विषयक प्रवचन कार्यक्रममा प्राकृतिक चिकित्सा क्षेत्रका विज्ञ डा हरिप्रसाद पोखरेलले जैविक कृषि पद्धतिलाई बिर्सिएर रासायनिक मल प्रयोग गर्दा सबै खानेकुरामा मन्द विष मिसिन थालेको बताउनुभयो। "आजभन्दा ५० वर्ष अघिसम्म जैविक कृषि प्रणाली थियो, त्यसलाई बिर्सिएर उत्पादन बढाउने नाममा रासायनिक मल भित्र्याएर उब्जनी गर्दा ती अनाजका माध्यमबाट धेरै नसर्ने रोग फैलिएका छन्, दूध धेरै निकाल्न गाई, भैँसीमा लगाइने हार्मोन र एन्टियोबायोटिक जस्ता सुईले समेत मन्द विषको काम गरेका छन्", उहाँले भन्नुभयो।

जैविक कृषिसँगै योग, प्राकृतिक चिकित्सा पद्धतिका उपचार शैली बिर्सँदासमेत आधुनिक पद्धतिका औषधिका माध्यमबाट आएको 'साइड इफेक्ट' ले समेत रोग भित्र्याएको नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठ योग तथा प्राकृतिक चिकित्सा विभागका प्रमुख रहनुभएका पोखरेलको भनाइ छ। आधुनिक चिकित्सा पद्धति शल्यक्रिया र आकस्मिक रोगका लागि फलदायी भएको उल्लेख गर्नुहुँदै उहाँले अन्य स्वास्थ्य समस्यामा आयुर्वेद र प्राकृतिक चिकित्सा पद्धति राम्रो रहेको अनुभव सुनाउनुभयो।

"जुनसुकै उपचार पद्धतिका राम्रा कुरा ग्रहण गरी नराम्रा कुरालाई त्यागिदियौँ भने हामी आरोग्यता प्राप्त गर्न सक्छौँ, कुनै पनि पद्धतिको अन्ध समर्थन गर्नुपर्दैन, सबै रोगको उपचार जडिबुटीमै भएकाले त्यसलाई चिन्नुपर्छ", पोखरेलले भन्नुभयो।

मानिसको सुत्ने, उठ्ने समयलगायत जीवन शैलीले पनि विभिन्न प्रकारका रोग आउने गरेकाले सचेत हुन उहाँले आह्वान गर्नुभयो। इन्टरनेटलाई दुरुपयोग गरेर घण्टौँ झुम्मिँदासमेत मानिस अनेक रोगका शिकार बनिरहेकाले सन्तुलित जीवन शैली रहेको परम्परागत पद्धतिको पुनःस्थापना गर्न पोखरेलले ध्यानाकर्षण गराउनुभयो।

# दुई हजार प्रहरी कोरोना संक्रमित

काठमाडौँ, २१ भदौ (रासस)।

नेपाल प्रहरीका दुई हजार एक सय भन्दा बढीमा कोभिड-१९ देखिएको छ। गत जेठको पहिलो साता एक प्रहरीमा देखिएकामा गत साउनपछि भने सङ्क्रमण दर ह्वात्तै बढेको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

प्राप्त विवरणअनुसार दुई हजार १६१ प्रहरी सङ्क्रमितमध्ये ९५० जना निको भएर कार्य क्षेत्रमा फर्किसकेको प्रहरी प्रवक्ता कुबेर कडायतले जानकारी दिनुभयो। काठमाडौँ उपत्यकाका तीन जिल्लामा सबैभन्दा बढी ६२४ जना सङ्क्रमित भएका छन्। त्यसमध्य ५५८ जना अझै उपचाररत छन्। प्रहरी प्रधान कार्यालयमा मात्रै ३८९ जना सङ्क्रमित रहेको जनाइएको छ। त्यसमध्ये ३१८ जना उपचारपछि घर फर्किएको र ७१ को उपचार जारी छ।

प्रहरी प्रधान कार्यालयका अनुसार प्रदेश नं १ मा ३४०, प्रदेश २ मा २५७, वागमती प्रदेशमा १००, गण्डकीमा १४३, प्रदेश ५ मा १९८, कर्णाली प्रदेशमा ७१ र सुदूरपश्चिम प्रदेशमा ३९ जनामा सङ्क्रमण देखिएको छ। प्रहरी वरिष्ठ उपरीक्षक कडायतले सङ्क्रमितमध्ये झण्डै आधा निको भएर काममा फर्किसकेको बताउनुभयो। उहाँका अनुसार अहिले सबै उच्च मनोबलका साथ उपचार गराइरहेका छन्। सबैको अवस्था सामान्य रहेको कडायतको भनाइ छ। सशस्त्र प्रहरी र नेपाली सेनासमेतमा पछिल्लो समयमा कबोभिड-१९ सङ्क्रमण बढिरहेको छ।

# कोरोना संक्रमणबाट थप ९ को मृत्यु

**दैनिक समाचारदाता**
**काठमाडौं, २१ भदौं।**

नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट पछिल्लो २४ घण्टामा थप ९ जनाको मृत्यु भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा गौतमका अनुसार मृत्यु हुनेमा काठमाडौँका तीनसहित सात पुरुष तथा दुई महिला छन्। योसँगै नेपालमा कोरोना भाइरसको संक्रमणबाट मर्नेको संख्या २ सय ८९ पुगेको छ।

प्रवक्ता गौतमका अनुसार काठमाडौँमा ८५ वर्षीय, ७४ वर्षीय र ६८ वर्षीय पुरुषको कोरोनाबाट मृत्यु भएको हो।

यस्तै मृत्यु हुनेमा मोरङकी ६५ वर्षीया महिला र ४५ वर्षीय पुरुष, झापामा ४५ वर्षीया महिला, पर्सामा ७७ वर्षीय पुरुष, धनुषामा ३५ वर्षीय पुरुष तथा चितवनमा ७० वर्षीय पुरुष रहेका छन्।

***न्यायाधिश, कर्मचारी ...***

कोरोना संक्रमणको पुष्टि भएको छ।

यस्तै विद्युत प्राधिकरण बितरण शाखा राजविराजका तीन कर्मचारी, राजविराज नगरपालिकाका विभिन्न वडा र तिलाठी कोइलाडी गाउँपालिकाका ५/५ सर्वसाधारण र एक जना प्रहरी गरि १८ जनामा कोरोना संक्रमणको पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं।**

**समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔं।।**

**पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं।।**

पत्रकार तथा सञ्चारमाध्यमले हिसा, र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिंकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिंकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, सप्तरी**



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
HBL
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*